# चन्दननाथ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

खलंगा बजार,जुम्ला

कर्णाली प्रदेश, नेपाल ।

---

**प्रकाशन मिति :- २०८१ असार ३० गते**

आफ्नो कित्ता विवरण चेकजाँच गरी चित नबुझे क्षेत्र परिवर्तन गर्ने सम्बन्धी १५ दिने सूचना ।

श्री सरोकारवाला सबै,

प्रस्तुत विषयमा भू-उपयोग ऐन २०७६ को दफा ४, भू-उपयोग नियमावली २०७९ को नियम ५(१) र भू-उपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका २०८१ को दफा २८ वमोजिमको काम गर्न अनुसूची ३ को ढाँचामा सूचना प्रकाशन गर्नको लागी चन्दननाथ नगरपालिका भू-उपयोग परिषदको मिति २०८१/०३/०९ गते बसेको बैठकको निर्णयानुसार यस नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरणको कितागत विवरण २०८१ प्रकाशन भएकोमा आफ्नो कित्ता विवरण चेकजाँच गरि सो वर्गिकरणमा छुटेका वा नगरपालिकाको भू-उपयोग क्षेत्र सम्बन्धी तयार गरिएको भू-उपयोग कार्यविधी २०८० अनुसार फरक परेको भएमा अन्तिम पटक संसोधनका लागी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आ आफ्नो वडा कार्यालय वा नगरपालिकाको कार्यालयमा तपसिल कागजात सहित निवेदन दिनहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः

१. जग्गाधनि प्रमाण पूर्जाको प्रतिलिपी

२. नेपाली नागरिकता प्रमाणपत्र को प्रतिलिपी ।

३. कुन क्षेत्रमा परेको छ र कुन क्षेत्रमा संसोधन गर्न चाहनुहुन्छ सो व्यहोरा प्रष्ट हुने गरि सम्बन्धित व्यक्तिद्वारा निवेदन पेश गर्नुपर्ने ।

नोटः चन्दननाथ नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण कित्तागत विवरण २०८१ र भू-उपयोग कार्यविधी २०८० सम्बन्धित वडा कार्यालय र नगरपालिकाको Website www.chandannathmun.gov.np बाट हेर्न सकिने छ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

CamScanner